मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(सामान्य प्रशासन शाखा)
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

प.सं.:-०७९/८०
च.नं.:-

फोन नं. -०४८-५४०११२
:- ०४८-५४०५३२

**स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तहबृद्धिका लागि आवेदन दिने बारेको सूचना ।**

(प्रथम पटक प्रकाशित मिति २०८०/२/३०)

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, बागमती प्रदेश सरकारद्वारा स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा ३० मा तह बृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच बर्ष सेवा अवधि पुरा भएका, पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्यांकनमा औसतमा ९५ प्रतिशत प्राप्त गरेका देहाय बमोजिम न्यूनतम शैक्षिक योग्यता पुगेका साथै पाँचौ तहको हकमा दफा ९ को उपदफा १, २ र ९ बमोजिम पाँच बर्ष सेवा अवधि पुरा गरेका स्थानीय सेवाका कर्मचारीहरुको सम्बन्धीत सेवा समूह वा उप समूहभित्र तह बृद्धिको व्यवस्था रहेको छ ।

यस कार्यालय अन्तर्गत कार्यरत स्थानीय सेवाका (स्वास्थ्य सेवा समेत) तपशिल बमोजिम योग्यता पुगेका स्थायी कर्मचारीले आफुले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्र र हालको पदमा नियुक्ति वा बढुवा पाएको पत्रको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिन (अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट) कार्यालय समयमा तोकिएको ढाँचामा यस कार्यालयमा दरखास्त पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**क. न्यूनतम योग्यता:**

| क्र.सं. | तहबृद्धि हुने तह | सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा वाहेक अन्य तहको | स्वास्थ्य सेवाका तहको लागि |
| १ | पाँचौ तह | तहबृद्धि हुन चाहेको तह भन्दा एक तह मुनीको पदमा कम्तिमा ५ बर्ष सेवा अवधि पुरा भएको । | सम्वन्धित सेवाको चौथो तहको लागि तोकिएको न्युनतम शैक्षिक योग्यता भएको । | सम्वन्धित सेवाको चौथो तहको लागि तोकिएको न्युनतम शैक्षिक योग्यता भएको । |
| २ | छैटौं तह | | सेवा समुहसँग सम्वन्धीत विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ वा सो सरह उर्त्तीण । | संघिय स्वास्थ्य सेवा सम्बन्धी कानुनले तोकेको न्यूनतम शैक्षिक योग्यता । |
| ३ | आठौ तह | | सेवा समूहसँग सम्बन्धीत विषयमा कम्तीमा स्नातक तह उर्त्तीण । | ,, ,, |
| ४ | दशौं तह | | ,, ,, | ,, ,, |

**ख. पेश गर्नुपर्ने कागजातहरु :**

१. तोकिएको ढाँचामा आवेदन, (यसै सूचनासाथ संलग्न)

२. सुरु नियुक्ति, तहवृद्धि/बढुवापत्रका प्रतिलिपिहरु

३. शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि,

४. पाँचौ तहको लागि रु. ७०० छैटौं र आठौं तहको लागि रु. १००० र दशौं तहको लागि रु.१२०० यस कार्यालयको राजश्व शाखामा नगदै बुझाएको भर्पाई।

(थप जानकारीको लागि यस कार्यालयको प्रशासन शाखामामा सम्पर्क राख्न पर्नेछ।)

तहबृद्धि समिति